# अपी नगरपालिका कार्यालय दार्चुलाको आ.व.२०७४/०७५ को नीति, कार्यक्रम तथा बजेट बक्तव्य

आदरणीय प्रमुख अतिथि ज्यू, विशिष्ठ अतिथि ज्यू, राजनैतिक दलका प्रमुख एवं प्रतिनिधि ज्यूहरु, सुरक्षा निकायका प्रमुख एवं प्रतिनिधि ज्यू, विभिन्न कार्यालयका कार्यालय प्रमुख ज्यूहरु, एकीकृत योजना तर्जुमा समितिका पदाधिकारी ज्यूहरु, पत्रकार बृन्दहरु, नगरपालिकाका कर्मचारी मित्रहरु, समाजसेवी, बुद्धिजीबी,लगायत समस्त नगरवासी दाजुभाई दिदी वहिनीहरु ।

सर्वप्रथम नेपालको सुन्दर सुदूर पश्चिमको. प्रदेश नं. ७ को हिमाली जिल्लामा अवस्थित दार्चुला जिल्लाको एक मात्र नगरपालिका अपी नगरपालिकाको चौथो नगरपरिषद एवं नीति, बजेट तथा कार्यक्रम सार्वजनिकिकरण समारोहमा आफ्नो व्यस्त समय उपलव्ध गराई नगरपरिषदको सोभा र महत्व बढाई दिनुहुने प्रमुख अतिथि, बिशिष्ठ अतिथि लगायत सम्पूर्ण अतिथि एवं नगरवासीहरुलाई अनगरपालिकाको तर्फबाट स्वागत एवं आभार व्यक्त गर्न चाहान्छु ।

यहाँहरुको उपस्थितिमा यस नगरपालिकाको आ.व.२०७४/०७५ को प्रस्तावित नीति कार्यक्रम तथा बजेट प्रस्तुत गर्न पाउँदा मलाई असाध्यै खुशी एवं सन्तुष्टी महसुस भएको छ । यस अवसरमा म राष्ट्रको सम्बृद्धी, विकास, समानता, न्याय र प्राजतन्त्रको लागि प्राणको आहुती दिने ज्ञात अज्ञात बीर शहीदहरु प्रति भावपूर्ण श्रदाञ्जली व्यक्त गर्न चाहान्छु ।

साविकका ५ वटा गा.वि.स. हरुलाई समायोजन गरि २०७१ सालमा नेपाल सरकारले घोषणा गरेका नेपालका ७२ वटा संगै यो नगरपालिका घोषणा गरे यता यस नगरपालिकाको विकास निर्माण,उन्नती र प्रगतीको लागि योगदान गर्नु हुने सम्पूर्ण महानुभावहरुलाई आभार,कदर एवं उच्च सम्मान गर्न चाहान्छु । यस नगरपालिकाले हाल सम्म ३ वटा नगरपरिषद् सम्पन्न गरि चौथो नगरपरिषद समारोहमा आमागी आ.व.२०७४/०७५ मा सम्पन्न गर्नु पर्ने नीति, योजना कार्यक्रमहरुको सार्वनिकिकरण गर्दै ती नीति कार्यक्रमहरुलाई सम्पन्न गर्नको लागि लाग्ने अनुमानित बजेट समेत प्रस्तुत गरेको छु ।

नेपाल सरकारको प्रचलित ऐन नियम, कार्यबिधि र निर्देशिकामा व्यवस्था भए अनुरुप नगरपालिकाले पौष मसान्त भित्र सहभागितात्मक योजना तर्जुमाका चरणहरु अवलम्बन गरि सोही मसान्त भित्र तालुक मन्त्रालय संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा पठाउनु पर्ने व्यवस्थालाई हु- बहु लागु गर्दै यस अघि ३ वटा नगरपरिषद, बार्षिक परिषदहरु सम्पन्न गरि सकेको छ । गत बर्ष २०७२/०७३ को यथार्त आय व्यय अनुमोदन चालु बर्ष २०७३/०७४ को संसोधित बजेट कार्यक्रम र आगामी आर्थिक बर्ष २०७४/०७५ का लागि अनुमानित बार्षिक नीति,योजना,कार्यक्रम र बजेट स्वीकृत गर्ने प्रकृयामा छौ ।

आदरणीय प्रमुख अतिथि ज्यू, विशिष्ठ अतिथि ज्यू, अतिथि ज्यूहरु,

नगरपालिका स्थानीय निकायको दोश्रो तहमा रहेको विशेस गरि स्थानीय सरकारका रुपमा परिकल्पना गरिएको शहर उन्मुख र जनताका आधारभुत पुर्वाधारहरु शिक्षा, स्वास्थ्य, विधुत, सडक, सञ्चार आदिको पहुच भएका क्षेत्रमा स्थापना गरि स्थानीय जनता आफैले आफ्ना विकास निर्माण उन्नति प्रगति र सम्बृद्धी आफैले गर्ने हिसावले स्थापना गरिएको अवस्था एकातिर हो भने अर्को तिर करिव १९ बर्ष अधि देखि स्थानीय निकायको निर्वाचन नभई केवल केही सिमित कर्मचारीहरुबाट भ्याई, नभ्याई, सकि, नसकि, जनताका विकास निर्माण लगायतका सेवा सुविधाका कामहरु गर्नु पर्ने परिस्थिति छ । जनताले छानेका जन प्रतिनिधिले गर्नु पर्ने काम हाल जन प्रतिनिधिहरुको अनुपस्थितिमा गर्नु पर्छ । ती काम कार्वाहीहरु जति जन-उत्तरदायी हुनु पर्ने हो त्यति हुन नसकी रहेको विषम र असहज परिस्थिति छ । अतः अब स्थानीय निकायको निर्वाचन अपरिहार्य र अति आवश्यक भई सकेको व्यहोरा यस अवसरमा सबै सामु राख्न चाहान्छु ।

प्रमुख अतिथि ज्यू, एवं अतिथि ज्यूहरु,

यसमा प्रस्तुत नीति, योजना, कार्यक्रम र बजेट सबै नगरवासीहरुको बस्ति स्तरको सामुहिक सहभागितामा सो काममा खटिएका सामाजिक परिचालकहरु, संघ सस्थाहरु, एकीकृत योजना तर्जुमा समितिको परामर्श तथा राजनैतिक दलहरुको सकृय सहभागिता सहित यहाँ हरु सामु प्रस्तुत भएको छ । बस्ति स्तरबाट योजना माग हुदा करिब ठुला साना योजना कार्यक्रमहरु ४८५ वटा छनौट भई आएको कुरा यहाँहरु समक्ष राख्न चाहान्छु । ती योजना र कार्यक्रमहरु सबैलाई कार्यान्वयन गर्ने हो भने निक्कै धेरै बजेट आवश्यकता पर्ने हुदा बस्ति स्तरबाट पहिलो प्राथमिकतामा पारि समावेश भई आएका योजना र कार्यक्रमहरुलाई आ.व. २०७४/०७५ को योजना र कार्यक्रम बनाई कार्यान्वयन गर्ने दृढ अठोट रहेको व्यहोरा व्यक्त गर्न चाहान्छु ।

अपी नगरपालिका दुर्गम हिमाली जिल्ला दार्चुलामा रहेको एक मात्र नगरपालिका भएकोले हाम्रा आवश्यकताहरु धेरै बढी र ती आवश्यकताहरु परिपुर्ती गर्नको लागि चाहिने बजेट अपेक्षकृत निकै कम रहेको छ । घाँटी हेरि हाड निल्नु भने झै हामीले पनि हाम्रो बजेट, केन्द्रबाट प्राप्त शसर्त र निशर्त बजेट र आन्तरिक आम्दानी हेरी योजना र कार्यक्रम संचालन गर्नु पर्ने हुन्छ । यो नगरपालिका भखरै नयाँ स्थापना भएको नगरपालिका भएकोले हामीले हाम्रा शिक्षा, स्वास्थ्य, सरसफाई,यातायात, बिधुत, संचार, कृषि, वन, वातावरण लगायतका विषयमा गर्न चाहे जति बिकास निर्माण सकेका छैनौ । त्यसमा पनि २०७० साल असार २ गते महाकाली नदीमा आएको प्राकृतिक विपत्तिले यो नगरपालिका का विभिन्न क्षेत्रलाई क्षेत विच्छेद वनाई दिदा सबै जसै क्षेत्रमा पुनःनिर्माण गर्नु पर्ने अवस्था छ । नगरपालिकाबाट जनताका अपेक्षाहरु निकै धेरै भएता पनी हामी संग नगरपालिकाको आवाधिक गुरु योजना नहुनु, सडकगुरु योजना बनाउने पर्यत्न गर्दा पनी विभिन्न कारणले असफल हुनु, नगरपालिकाको आफ्नो व्यवस्थित भवन र यथेष्ट जन शक्ती नहुनु, एकीकृत सम्पत्ति कर लागु गर्ने भन्ने गत नगरपारिद्को निर्णय व्यवस्थित रुपमा कार्यान्वयन गर्न नसक्नु र न्यूनतम् रुपमा हुनु पर्ने नगरपालिकाको आन्तरिक आय नहुनु आदि यस्तै यस नगरपालिकाका समस्याहरु हुन ।

जुन सुकै समस्याको सामाधानको लागि नगरपालिकाको आन्तरिक आय बृद्धी गर्नु नितान्त आवश्यक छ । हाल नगरवासीहरुलाई न्युन मात्रमा सेवा सुविधा दिई रहेको भएता पनि भविश्यमा नगरपालिका स्तरका उच्च सेवा सुविधाहरु दिनको लागि आन्तरिक आयमा बृद्धी गरि आत्मनिर्भर हुन अति आवश्यक छ । नगरबासीहरुका आवश्यकता पुर्तिको लागि एकीकृत सम्पत्ति कर लागु गर्न नगरवासीलाई परिचालित गर्दै लैजानु पर्ने विषय नितान्त आवश्यक रहेको व्यहोरा यहाँ हरु सामु विनम्रता पुर्वक राख्न चाहान्छु । हामीले हाम्रो नगरको हरेक वडा केन्द्रलाई यातायातले जोड्नु पर्दछ । कम्तिमा पनि नगरवासीले शिक्षा, स्वास्थ्य, यातायात, विधुत, संचार र सरसफाई, खानेपानीका सुविधाहरु पाउनु पर्दछ भन्ने नगरपालिकाको मान्यता हो । यसै गरि नगरपालिका प्रवेश द्वार, नगरपालिका सभा हल, खेल मैदान, पार्क, खुल्ला स्थल, पिकनिक स्पोर्ट, हाँट बजारका साथै Land fill site आजका आवश्यकताहरु हुन ।

आदरणीय महानुभावहरु, त्यसैले अब म हाम्रा माथिका आवश्यकताहरुलाई परिपुर्त गर्नका लागि यस नगरपालिकाले यस आ.व. र आगामी आ.व.मा लिनु पर्ने नीतिका सम्बन्धमा प्रकास पार्न चाहान्छु । यी नीतिहरुको बारेमा छलफल गरि रहदा नेपालको संविधान, राष्ट्रिय योजना आयोगले निर्धारण गरेका परि-सुचकहरु, स्थानीय स्वायतत्त शासन ऐन र नियमावली, स्थानीय निकाय श्रोत परिचालन एवं व्यवस्थापन कार्यविधि, स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, नेपाल सरकार अर्थ मन्त्रालय, तालुक मन्त्रालय संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट प्राप्त मार्ग दर्शन, नगरपालिकाले यस अघि भोगेका अनुभवहरु, विषयगत कार्यालय, संघ संस्था, नागरिक समाज र राजनैतिक दलका सुझावको आधारमा यस नगरपालिकाको समग्र विकासको लागि लिईने नीतिहरु तल प्रस्तुत गर्ने अनुमति माग्दछु ।

निर्णय नं. १ मिति २०७३/९/२० गते बसेको नगरबोर्डको बैठकबाट तपशिलमा उल्लेखित नीति कार्यक्रम अनुसार निम्न बोजिमको गत आ.व.को यथार्त चालु आ.व.को संशोधित र आगामी आ.व.को प्रस्तावित बजेट र कार्यक्रम अनुमोदन गरी नगरपरिषदमा पेश गर्ने निणय गरियो ।

तपशिलः-

क) १. मुख्य नीति -

- नगरपालिकाले यस नगरका नगरबासीहरुको उन्नती प्रगती र सर्वाङ्गिण विकासका लागि यस अगाडीको नगर परिषदबाट पारित गरेका नीतिहरु हु-बहु लागु गर्दै लगिनेछ।
- जुन सुकै विकासको लागि मुख्य आधार मानिएकको सडक यस नगरपालिका का सबै वडाहरुमा बिस्तार गर्न विगतमा केही कारणवस स्वीकृत हुन नसकेको नगर क्षेत्रको नगर गुरु योजना मन्त्रालयबाट स्वीकृत गराई सोही आधारमा कार्यान्वयन गर्दै लगिने छ।
- नगर क्षेत्र भित्र सरसफाई र खानेपानीको अवस्था सुदृढ बनाउन एक योजना तयार गरी सार्वजनिक, नीजि सहभागिता (PPP) Model मा संचालन गर्ने नीति लिइने छ।
- नगर क्षेत्र भरिको वास्तविक सम्भावना, सवल पक्ष, निर्वल पक्ष, चुनौती र भविश्यमा योजनाबद्ध रुपमा नगरपालिका का हरेक विकास निर्माणका कार्यहरुलाई निरन्तर जनचाहाना र वास्तविकतामा आधारित भई गर्नको लागि आवधिक नगर विकास गुरु योजना निर्माण गरी लागु गरिने छ। सोही गुरु योजनाको आधारमा नगरको बस्ति विकास संस्कृति,सभ्यताका संरचना, प्राकृतिक मनोरम स्थल संरक्षण, ढल निर्माण, सरसफाई, व्यापारिक केन्द्र, बस पार्क लगायतका पुर्वाधारहरु निर्माण गर्ने नीति लिइनेछ।
- नगरपालिका क्षेत्र भित्र प्राप्त हुने स्थानीय श्रोतको उचित प्रयोग, दिगो र भरपर्दो तरिकाले परिचालन गर्न सो को संरक्षण सदुपयोग एवं व्यवस्थापन गर्ने नीति लिइनेछ।
- यो नगरपालिका सुन्दर सुदूर-पश्चिम क्षेत्रको मनोरम स्थल भएको हुदाँ हुदै पनी भौगोलिक बनावटका दृष्टिले उच्च पहाडी भु-सृखलाको बिचमा अवस्थित भएको हुँदा यस भित्र निर्माण हुने भवनहरु र विकास निर्माणका संरचनाहरुलाई प्राकृतिक प्रकोप नियन्त्रण गर्ने गरि र भवन आचार संहिता पालना गर्ने गरी निर्माण गरिदै लगिने छ।
- नगरपालिका भित्र सु-शासनका मुख्य आधारहरु जन सहभागिता, पारदर्शिता, जवाफदेयिता लगायतका सार्वजनिक सुनुवाई, समिक्षा र सामाजिक परिक्षण जस्ता विषयहरु लागु गर्दै लगिनेछ।
- नगरपालिकाबाट दिइने सेवा सुविधा एवं विकास निर्माणका कार्यमा भ्रष्टाचार शुन्य सहनशिलताको नीति लागु गर्नको साथै कार्यालयको काममा पहिले आउने पहिलो सेवा ग्राहीलाई पहिलो मानि सेवा सुबिधा दिईनेछ।

पुर्वधार एवं प्रवर्धनात्मक नीतिः-

- नेपाल सरकारबाट यस नगरपालिकामा समेत संचालन भई रहेका ठुला पुर्वाधार विकास योजनाहरुलाई यस नगरपालिकाबाट यस पछि संचालन र कार्यान्वयन गर्दा हाल सम्म ठुला पूर्वाधार विकास योजना नपुगेका वडाहरुलाई जस्तै वडा नं.७,९, १०, १५, १६ र १७ लाई प्राथमिकतामा राखि कार्यान्वयन गरिनेछ। यस अगाडी अधुरा रहेका ठुला पुर्वाधार योजनाहरुलाई समेत प्राथमिकता दिदै लगिने छ। (वडा नं. ८ झुस्कु सिचाई कुलो)
- यस नगरपालिकामा संचालन भई रहेको सडक सौर्य बत्ती कार्यक्रमलाई नगरपालिकाको अन्यघना बस्ती भएको क्षेत्रमा समेत बिस्तार गर्दै लगिने छ।
- नगरपालिका भित्र विजुली नगपुगेका बस्तीहरुमा बिजुली पुऱ्याउनका लागि साना लघु-जलविद्युत आयोजनालाई सहयोग पुऱ्याई त्यस्ता बस्तीहरुमा बिजुली पुऱ्याउदै लगिनेछ।
- नगरको यत्र तत्र छरिएका खानेपानी पाईपहरु, खुला र भरिएको ढल व्यवस्थित गर्ने कार्य अगाडि बढाईने छ।
- सम्बन्धित निकायहरु संग समन्वय र सहकार्य गरी घरको छतमा यत्र तत्र रहेका विधुत तार र अव्यवस्थित पोलहरु व्यवस्थापन गरी सो बाट हाल भई रहेको क्षतिलाई हटाइने व्यवस्था मिलाइनेछ।

- नगर भित्र उत्पादन हुने फोहोरको उपयुक्त र प्रभावकारी विसर्जन गर्न नगरपालिकाले नगरवासीहरुको सहभागितामा उचित Land fill site खोजि संचालनमा ल्याईने छ ।
- नगरपालिकाले यस अघि संचालन गरेका निरन्तर र अधुरा योजनाहरुलाई प्राथमिकता दिई पुरा गरिने छ ।
- नगर क्षेत्रमा प्रवेशद्धार, सभा हल, पार्क, पिकनिक स्पोर्ट, बस पार्क, व्यवस्थित मासु पसल, उचित स्थानमा वृक्षा रोपण र हरियाली युक्त नगर निर्माण गर्ने नीति लिईनेछ ।

<u>सामाजिक विकास, संरक्षण र परिचालन नीतिः-</u>

- वातावरण मैत्री, बालमैत्री, अपाङ्ग मैत्री र महिला मैत्री जस्ता स्थानीय शासनका सवल पक्षहरु यस नगरपालिका भित्र पनि संचालन गर्न विभिन्न कार्यक्रमहरु मार्फत अगाडी बढाउदै लगिने छ ।
- समाजमा विद्यामान रहेको छाउपडी पर्था, छुवाछुत आदि हटाउन चेतनामुलक कार्यक्रमहरु संचालन गर्न प्राथिमिकता दिइने छ ।
- सम्बन्धित संघ संस्था, कार्यालय संग समन्वय गरि गर्भवती महिलाका र बालबालिकाका लागि पोषण कार्यक्रम र सुनौला हजार दिनका कार्यक्रमलाई महत्व दिई लागु गरिनेछ । यस वर्ष वडानं. ७ लाई **नमुना पोषण वडा घोषणा गर्न कार्यक्रम संचालन गरिनेछ । नगरपालिकामा पोषण व्यवस्थापन गर्न नगर स्तरिय पोषण निर्देशक समिति गठन गरिने छ ।**
- स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ परिमार्जन सहित २०७२ मा व्यवस्था भएको लक्षित बर्गको लागि विनियोजन गरिएको रकम सोही वर्गलाई प्रत्यक्ष फाईदा पुग्ने क्षेत्रमा लगानी गरी पुर्ण रुपमा कार्यान्वयन गर्ने नीति लिइनेछ ।
- नगर क्षेत्रमा उत्कृष्ट काम गर्ने उपभोक्ता समितिलाई हौसल्ला प्रदान गर्न एवं अब हुने नगरपालिकाका काम कारवाहीलाई प्रश्रय गर्न एवं प्रेरणा प्रदान गर्न गत/विगत आ.व.मा उत्कृष्ट काम गर्ने उपभोक्ता समितिलाई योजना संचालनमा उपलव्ध गराएको प्रभावकारी मितव्ययी एवं पारदर्शिताका आधारमा सम्मान गर्ने नीति लिईनेछ ।

<u>कृषि, वन, वातावरण तर्फः-</u>

- नगरपालिका क्षेत्र भित्र थुप्रै कृषि पशुपालन र वन संरक्षण र सम्बर्धनका थुप्रै सम्भावना रहेका छन् अतः यी क्षेत्रहरुलाई नगरपालिका भित्र विकसित, व्यवस्थित र भरपर्दो वनाउन आवश्यक योजना र क्रियाकलापमा नगरपालिकाको समेत सहभागिता जनाई यी क्षेत्रहरुलाई अगाडी बढाउने नीति अवलम्बन गरिनेछ ।
- जिल्ला कृषि विकास कार्यालय, जिल्ला पशु सेवा कार्यालय, जिल्ला वन कार्यालय संग समन्वय गरी नगर क्षेत्र भित्रका कृषकहरुलाई कृर्षि उत्पादन बृद्धी गर्न निम्न कार्यक्रमहरु लागु गरिने छन् ।
  १. विषादि निर्मुलन सप्ताह संचालन गर्ने ।
  २. प्राङ्गारिक मल र गोठे मल व्यवस्थापन एवं प्रयोगमा जन चेतना मुलक कार्यक्रम संचालन गर्ने ।
  ३. कृषि बजार तथा हाँट बजार संचालन गर्ने ।
  ४. बि.स. २०७५-०८५ लाई फलफुल दसक मनाउन फलफुल नर्सरी निर्माण गर्ने ।
  ५. धान दिवश मनाउने ।
  ६. पक्की पोलि हाउस निर्माण गर्ने ।
  ७. नगर भित्र बाङ्गाबगर, खलंगा बजार र गल्फै क्षेत्रमा व्यवस्थित मासु पसल संचालन गर्न लगाईने छ ।
  ८. जिल्ला वन कार्यालयको साझेदारीमा नगर क्षेत्र भित्र बृक्षा रोपण, हरियाली पार्क निर्माणका साथै बाढी पहिरो नियन्त्र गर्नु पर्ने स्थानहरुमा बाँस लगायतका बोट विरुवाहरु बृक्षा रोपण गर्ने नीति लिईने छ ।

<u>नगरपालिकाको आन्तरिक र वाह्य नीतिः-</u>

- नगरपालिकाको लागि व्यवस्थित भवन निर्माण गर्न आवश्यक पर्ने जग्गादाताको सामुहिक खोजि गरी निशुल्क जग्गा प्रदान गर्ने जग्गादातालाई उचित सम्मान र जग्गा संरक्षण विकासका काममा सहभागि गराउने नीति लिइने छ ।
- नगरपालिकामा रहेको जनशक्तिको कमिलाई परिपुर्ती गर्न विद्यमान पदपुर्ती समितिलाई अझ कृयाशिल बनाई रिक्त पदपुर्ती गर्ने कार्य अघि बढाइने छ ।

- कार्यालयको न्यून आन्तरिक आयलाई बृद्धि गर्न कर बुझी मात्र लिने हालको प्रकृयालाई परिवर्तन गरी कर बुझ्न जाने (घर दैलोमा कर) को सेवा दिने नीति लिईनेछ । हाल कार्यान्वयनमा ल्याउन नसकेको एकीकृत सम्पत्ति कर लाई लागु गर्न जनचेतना मुलक कार्यक्रम ल्याई सो कर अन्य कर पद्धती भन्दा बैज्ञानिक र विश्वसनिय भएको कुरा जानकारी दिदै यस नगरपालिकामा पनि लागु गर्दै लगिनेछ।
- आन्तरिक आम्दानीका लागि करका दररेटहरु रहेको किताब अनुसूची सहित योजना पुस्तिकामा प्रकाशन गरिनेछ । सो प्रकाशनका लागि नगरपालिका स्तरिय राजश्व परामर्श समितिले दिएका सुझावहरु सहित करका दरहरु निर्धारण गरि कार्यान्वयमा ल्याईने छ साथै स्वीकृती दररेटहरु नगरपालिका Website: apimun.gov.np र कर शाखामा सबैले देख्ने गरी राखिनेछ।
- राजश्व सुझाव समितिले दिएको परामर्श अनुसार नगरपालिकाको शहरी क्षेत्र भित्र नगरपालिका फोहोर मैला संकलन हुने स्थान अन्तर्गतका व्यवसायिक घरधनी, नेपाल सरकारका कार्यालय, संघ संस्थाहरुबाट फोहोर मैला व्यवस्थापन शुल्क लगाई फोहोर बिर्सजन गर्ने नीति लिइने छ।
- अपी नगरपालिकालाई पनी विकासित नगरपालिकाको श्रेणीमा पुऱ्याउन छिमेकी नगरपालिका र मित्र नगरपालिका संग सम्बन्ध, समन्वय गरी मैत्रिपुर्ण भेटघाँट मार्फत अनुभव साटासाटका साथै विकास निर्माणका काममा सदभाव कायम गर्ने नीति लिइनेछ।

<u>विविधः-</u>

- नगरपालिकालाई खुल्ला दिसा मुक्त बनाउन सम्बन्धित संघ संस्थाहरुको सहयोग लिई खुला दिसा मुक्त क्षेत्र घोषणा गर्न बाँकी वडाहरु खुला दिसा मुक्त गर्दै लगिने छन्। सार्वजनिक शौचालय आवश्यक भएको ठाउँमा क्रमशः निर्माण र संचालन गर्दै लगिने छ। ODF घोषणा गर्दा विद्यालयमा संचालनमा नआएका शौचालयहरु प्रयोगमा ल्याउन प्रयत्न गरिनेछ। हाल महाकाली नदी जस्तो पवित्र नदीमा सिदै ढल मिसाउने गरेका ९३ वटा नगरवासी दाजु भाई दिदी बहिनीहरुलाई ODF गर्न सहयोग पुऱ्याउनका लागि नगरपालिकाबाट आव्हान गर्ने । यही माग महिना भित्र नगरपालिका ODF गरि सक्नु पर्ने भएकोले आजको २५ दिन भित्र आ-आफ्नो सेप्टी टंकी वनाई नदीमा ढल नमिसाउन समेत यस अवसरमा हार्दिक अनुरोध गर्न चाहान्छु।
- विशेस गरी प्राईमरी कक्षामा पढ्ने बालबालिकाहरुका लागि हाललाई केही नमुनाका रुपमा ECD कक्षा संचालन गरिने छन् ।
- स्वास्थ्य सेविकाहरुले पुऱ्याएको योगदानको कदर गर्दै निजहरुलाई अझ स्वास्थ्य सेवामा उत्प्रेरित गर्न प्रोत्साहन स्वरुप सहयोग गरिनेछ।
- सहरी स्वास्थ्य ईकाई केन्द्रलाई व्यवस्थित गर्न र महिला मैत्री र पुर्ण खोप नगरपालिका घोषणा गर्न आवश्यक कदम चालिने छ।

ख) बजेटः-

आदरणीय महानुभावहरु,

अब म गत आर्थिक बर्ष २०७२/०७३ को आय व्यय प्रकास पार्न चाहान्छु । आर्थिक बर्ष २०७२/०७३ मा यस नगरपालिकामा कुल आय रु.६,१७,७९,२९०।२८ र कुल व्यय रु.५,७१,१४,८५०।३० भएको छ जसमा केन्द्रबाट प्राप्त चालु र पूँजीगत, आन्तरिक चालु र पूँजीगतको साथै सामाजिक सुरक्षा भत्ता रकम समेत समावेश छ । यस नगरपालिकाले आ.व.२०७२/०७३ मा संचालन गरेका योजना र कार्यक्रमहरुको प्रगति विवरण पाना छुट्टै समाबेश गरेको छु ।

चालु आर्थिक वर्ष २०७३/०७४ को लागि गत परिषद बाट जम्मा रु.६,६१,४०,०००।- अनुमान गरिएको थियो उक्त बजेट संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प्राप्त अख्तियारी एवं अन्य दातृ निकायको अख्तियारी अनुसार र चालु आ.व.२०७३/०७४ को मंसिर मसान्त सम्मको प्राप्त आन्तरिक आयको समेत विश्लेषण गरी चालु आर्थिक बर्ष २०७३/०७४ को लागि संशोधित बजेट तयार गरि पेश गरेको छु । जस अनुसार आन्तरिक तर्फ रु. ५२,५९,१७१।३४ बाह्य तर्फ रु.११,९१,८०,०००।– गरी जम्मा रु.१२,४४,३९,१७१।३४ संशोधित अनुमान बजेट तयार गरी पेश गरेको छु । उक्त संशोधित आय बजेट अनुसार चालु तर्फ रु. ४,३५,६३,१७१।३४ र पुँजीगत तर्फ रु. ८,०९,२०,०००।– बजेट खर्च अनुमान गरेको छु । चालु आ.व.मा संचालन हुने ११७ वटा योजना र कार्यक्रमहरुको विरण छुट्टै समावेश छ ।

आदरणीय प्रमुख अतिथि ज्यू, अतिथि ज्यूहरु र महानुभावहरु,

अब म आगामी आर्थिक बर्ष २०७४/०७५ का लागि श्रोतको आय व्यय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट प्राप्त बजेट सिलिङ एवं मार्ग दर्शन र विभिन्न निकाय एवं दातृ निकायबाट प्राप्त हुने बजेट अनुमान र नगरपालिकाको आन्तरिक आय बृद्धीबाट प्राप्त हुने आय लाई अनुमान गरी आगामी आ.व.२०७४/०७५ का लागि कुल बजेट रु.१५,०२,३७,०००।– आय व्ययको अनुमान गरि प्रस्ताबित गर्न चाहान्छु । जस मध्ये चालु खर्च रु.४,९४,९०,०००। र पुँजीगत खर्च रु.१०,०७,४७,०००।- को अनुमानित आय व्यय समावेश गरेको छु । आ.व. ०७४/०७५ मा संचालन हुने १८१ वटा योजना र कार्यक्रमहरुको विवरण छुट्टै पानामा समावेश गरेको छु ।

यस नगरपालिकाको आ.व. २०७२/०७३ को लेखा परिक्षण प्रतिवेदन प्रस्तुत कर्ता लेखा परिक्षक श्री विष्णु दत्त जोशीले पेश गरेको ले.प.प्रतिवेदन छुट्टै समावेश गरेको छु । सो लेखा परिक्षण प्रतिवेदन अनुसार केही पेश्की वेरुजु बाहेक अन्य बेरुजु नरहेको व्यहोरा समेत जानकारी गराउन चाहान्छु ।

अन्तमा, नगरपालिकाको यो गरिमामय परिषद सम्मन्न गर्नको लागि समय प्रदान गर्नु हुने प्रमुख अतिथि ज्यू ,विशिष्ठ अतिथि ज्यू, सहित अतिथि ज्यूहरु र नगरवासी दाजुभाई दिदी बहिनीहरुमा हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहान्छु । परिषदको लागि नीति योजना, कार्यक्रम र बजेट निर्माण कार्यमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण कर्मचारी मित्रहरु, सर्बदलीय प्रतिनिधि ज्युहरु, विषयगत कार्यालयका प्रमुख पदाधिकारी ज्यूहरु, एकीकृत योजना तर्जुमा समिति, संघ, संस्था, राजश्व परामर्श समिति, बस्ति स्तर नगरबासी दाजु भाई दिदी बहिनीहरु, वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र, सामाजिक परिचालकहरु, अन्य सबै सरोकारवाला वुद्धिजीबी, सामाजसेबी, प्रति नगरपालिकाको तर्फबाट आभार र धन्यबाद व्यक्त गर्न चाहान्छु नगरपालिकाले यहाँ हरुको सकरात्मक साथ सहयोग एवं मार्ग दर्शनको सधै अपेक्षा गरेको गरेको छ । माथि उल्लेखित नीति योजना कार्यक्रम र बजेट कार्यान्वयनमा पनि यहाँहरु सबैको साथ सहयोग र मार्ग दर्शनको खाँचो रहने कुरा राख्दै विदा हुन्छू धन्यवाद ।

ग) नगरपालिकाको चालु आ.व.को बार्षिक कार्यक्रमः-

घ) नगरपालिकाको आगामी आ.व.को प्रस्तावित कार्यक्रमः-

निर्णय नं. २ राजश्व सुझाव समितिबाट प्राप्त प्रतिवेदन र सुझाव अनुसार आगामी आ.व.२०७४/०७५ देखि लागु हुने गरी तपशिल बमोजिमको राजश्व प्रक्षेपित दररेट नगरपरिषदमा पेश गर्ने निर्णय गरियो ।

तपशिलः

१. मालपोत तथा घरजग्गा कर निर्धारण कार्यको लागि अपी नगरपालाले सिमटिएको सम्पुर्ण भु-भागलाई भौगोलिक आधारमा निम्न अनुसार विभाजन गरी कर निर्धारण गर्दा उपयुक्त देखिने भएकोले उक्त क्षेत्रलाई तपशिल वमोजिम भौगोलिक क्षेत्र निर्धारण गरी देहाय वमोजिम करहरुका दररेटहरु निर्धारण गरियो ।

तपशिलः

१. (क) वर्ग शहरी क्षेत्र

२. (ख) वर्ग शहर उन्मुख ग्रामीण मैदानी भु-भागको क्षेत्र

३. (ग) वर्ग शहर उन्मुख ग्रामीण भु-भागको क्षेत्र

४. (घ) वर्ग लेकाली ग्रामीण भु-भागको क्षेत्र

माथि उल्लेखित वर्ग वमोजिम तपशिल वमोजिमको भु-भागिय क्षेत्रलाई समेटिएकर निर्धारणका लागि प्रस्ताव पेश गरिएको छ ।

१. (क) वर्ग शाहरी क्षेत्रः

वडा नं. ११ को सम्पूर्ण भ-भाग, वडा नं. १२ को खिरकोट क्षेत्र बाहेक अन्य सम्पूर्ण भु-भाग र वडा नं. गल्फै धौलिगाड खोला देखि उत्तरी भु-भागको क्षेत्र ।

२. (ख) वर्ग शहर उन्मुख ग्रामीण मैदानी भु-भागको क्षेत्रः

धौलिगाड खोला देखि नमस्कार, किम्तडी, खेट्टेबगर, मसिनबालुवा, वडा नं. १३ मैदानी समथर भु-भाग वडा नं. १५ रैत्यौडा देखि मौरैउडा गाडतक खोला सम्मको मैदानी भु-भाग, वडा नं.१६ को कटाल देखि असिगडा सहितको मैदानी भु-भाग वडा नं. १७ को सुरकडा, काकडा, सिमल सम्मको मैदानी भु-भाग र वडा नं. ६ को श्रीबगर मैदानी भु-भागको सम्पूर्ण क्षेत्र ।

३. (ग) वर्ग शहरउन्मुख ग्रामिण भिरालो भु-भागिय क्षेत्रः

साविक ब्रहमदेव हाल अपी नगरपालिका वडा नं. १,२ र ३ को पुरै क्षेत्र, साविक छापरी गा.वि.स. हाल अपी नगरपालिका वडा नं. ४,५ र ६ को कोट, कौतोली र लाश्कु छापरीको भु-भागिय क्षेत्र, साविक काँटै गा.वि.स. हाल अपी नगरपालिका वडा नं. ७,८ र ९ को पुरै क्षेत्र वडा नं. १० को सम्पूर्ण भु-भाग, वडा नं. १३ को धौलिगाड क्षेत्र मल्ला किम्त८, वडा नं. १५ को थालिगाड, ओखलगाडा, मदुरे साविक धाप गा.वि.स. वडा नं. ७,८ पुरै भु-भाग र ९ को मसिनी र सौकेभारडा बाहेको अन्य भाग, वडा नं. १६ थामु र वडा नं. १७ को धौकोट क्षेत्रको भु-भागको सम्पूर्ण क्षेत्र ।

४. (घ) ग्रामिण लेकाली भु-भागिय क्षेत्रः

साविक धाप गा.वि.स. वडा नं. ९ को मसिनी, सौकेभारडाको क्षेत्र, साविक धाप. वडा नं. ३ हाल वडा नं. १६ को दोपखे, डाडा, बजायनी, हाल अपी नगरपालिका वडा नं. ८ को मुल्ला मैखोली, घट्टैखोला, मानाकोट, ग्रारकु, र झुस्कु क्षेत्र, हाल वडा नं.३ को दह, बबा

## मालपोत दर

| क्र.स. | खेत तर्फ | | | | पाखो तर्फ | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्षेत्र | अव्वल | दोयम | सिम | चाहार | पाचौ | अव्वल | दोयम | सिम | चाहार | पाचौ | |
| क | २५ | २० | १५ | १० | ७ | २० | १५ | १० | ७ | ५ | |
| ख | २० | १५ | १० | ७ | ५ | १५ | १० | ७ | ५ | ३ | |
| ग | १५ | १० | ७ | ५ | ३ | १० | ७ | ५ | ३ | २ | |
| घ | १० | ७ | ५ | ३ | २ | ७ | ५ | ३ | २ | १ | |

नोटः १. मालपोत रकम रु.१००।– भन्दा कम हुने भएमा न्यूनतम् रु.१००।– कायम गरी मालपोत असुली गरिनेछ ।

२. प्रत्येक आर्थिक बर्षको जेष्ठ मसान्त भित्र घरजग्गा धनिले मालपोत बुझाई सक्नु पर्नेछ ।

२. जेष्ठ मसान्त भित्र मालपोत वुझाउने जग्गाधनी जेष्ठ मसान्त पछि निम्न वमोजिम मालपोत घरकार रकममा थप जरिवाना लिई मालपोत र घरकर असुल उपर गरिने छ ।

## स्वीकृत घरकरको दर प्रतितलाका दरले

| क्षेत्र | कच्ची | | टिन सिलेटको छानाको | | R.C.C. फ्रेस स्टक्चर | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | माटोको चिनाई | सिमेन्टको चिनाई | | |
| (क) वर्ग | अ | ३० पैसा प्रति वर्ग फिट | ४० पैसा प्रति वर्ग फिट | ५० पैसा प्रति वर्गफिट | ६० पैसा प्रति वर्ग फिट | |
| | आ | २५ पैसा प्रति वर्ग फिट | ३५ प्रति वर्ग फिट | ४५ पैसा ,, | ५५ पैसा प्रति वर्ग फिट | |
| (ख) वर्ग | २५ पैसा प्रति वर्ग फिट | | ३० पैसा प्रति वर्ग फिट | | ५० पैसा प्रति तला | |
| (ग) वर्ग | २० पैसा,, | | २५ पैसा,, | ३० पैसा ,, | ४० पैसा ,, | |
| (घ) वर्ग | ५ पैसा ,, | | २० पैसा,, | ३० पैसा ,, | ३५ पैसा ,, | |

## जरिवानाको दर

| क्र.स. | देखि | सम्म | जरिवाना प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | असाढ १ | असाढ-१५ | १५.००% | |
| २ | असाढ १६ | असाढ-२० | २०.००% | |
| ३ | असाढ-२० | असाढ मसान्त सम्म | २५.००% | |

असाढ मसान्त पछि वक्यौता रकम कायम गरी बक्यौता ३०% थप रकम असुल उपर गरिनेछ ।

४. क) ५ वर्ष सम्म बक्यौतामा ४५%

ख) १० बर्ष सम्म बक्यौता ६०%

ग) १५ वर्ष सम्म बक्यौता ७०%

घ) १५ बर्ष भन्दा माथि ८०% का दरले बक्यौता मालपोतमा थप रकम लिई असुल उपर गरिनेछ ।

(क) अ. धौलिगाड देखि विरेन्द्र वन सम्म, महाकाली राजमार्गको दाया वायँ किनारा संग जोडिएका व्यवसायिक भवनहरु र विरेन्द्र वन देखि घाँट बजार सम्म मुल बजार सडकका दायाँ बायाँ बनेका व्यापारिक प्रयोजनाका लागि बनेका घरहरु दार्चुला तिंकर सडक विरेन्द्र वन देखि बांङ्गावगर सम्म र भित्र गल्लीमा रहेका व्यापारिक घरहरु बांङ्गाबगर तिंकर राजमर्ग देखि खानेपानी ट्यांकी जाने भित्रि गल्ली सडका दायाँ बायाँ घरहरु।

आ. माथि प्रकरण अ वाहेकका सम्पूर्ण घरहरु

## बिभिन्न सिफारिस दस्तुरहरु

| क्र.स. | | सेवाको किसम | आगामी आ.व. २०७४/७५ का लागी प्रस्तावित दररेट |
|---|---|---|---|
| १ | | नेपाली नागरिकता सिफारिश | |
| | १ | निवेदन दस्तुर | १० |
| | २ | सिपारिस दस्तुर | |
| | २.१ | बंशज | १०० |
| | २.२ | अंगिकृत | २५० |
| २ | १ | नाता प्रमाणित सिफारिस | |
| | २.१ | अंग्रेजी | ५०० |
| | २.२ | नेपाली | ३०० |
| ३ | ३.० | टेलफोन सिफारिश | २०० |
| ४ | ४.० | विद्युत मिटर जडान | |
| | ४.१ | घरयसी प्रयोजन | ३०० |
| | ४.२ | व्यापारिक | ५०० |
| ५ | ५.० | चारत्रिक सिफारिश | |
| | ५.१ | स्वदेशी | २०० |
| | ५.२ | भारतको लागि | ३०० |
| | ५.३ | अन्य देशको लागि | ५०० |
| ६ | | मोठश्रोस्ता कायम | |
| | ६.१ | कच्ची घर | २०० |
| | ६.२ | पक्की घर | ३५० |
| | ६.३ | जग्गाको प्रति कित्ता | १०० |
| ७ | | व्यक्तिगत घटना दर्ता | |
| | ७.१ | ३५ दिन भन्दा माथि | ५० |
| | ७.२ | घटना दर्ताको नेपाली भाषामा प्रमाणित | १०० |
| | ७.३ | अंग्रेजी भाषाको प्रमाणित सिँफारिश | ३०० |
| ८ | दाखा नाम सारी सिफारिस | | ३०० |
| ९ | मिला पत्र दस्तुर | | ५०० |
| १० | व्यवसाय नामसारी दस्तुर | | ७०० |
| ११ | रकम असुल उपर गर्नु पर्नेमा रकमको १% ले हुनआउने रकम | | |
| १२ | | सर्जिमिन सिफारिश | |
| | १२.१ | सामान्य सर्जिमिनसिफारिश | ३०० |

| | | | |
|---|---|---|---|
| | १२.२ | मदिरा सर्जिमिन सिफारिश | ५०० |
| | १२.४ | उद्योग सम्बन्धि सर्जिमिन | ५०० |
| १३ | अचल सम्पत्ती मुल्यांकन प्रतिहजारमा रु.१।- का दरले | | |
| १४ | चौहद्धी प्रमाणित | | |
| | १४.१ | घडेरी शहरी क्षेत्रमा | ३०० |
| | १४.२ | प्रति कित्ता थप शहरी क्षेत्रमा | ३० |
| | १४.३ | शहरउन्मुख ग्रामिण क्षेत्रको घडेरीमा | २०० |
| | १४.४ | प्रति कित्ता थप ग्रामिण क्षेत्रमा | ३० |
| १५ | पेन्सन सिफारिश | | |
| | १५.१ | नेपाली | १०० |
| | १५.२ | भारतीय | २५० |
| १६ | सम्बन्ध विच्छेद सिफारिस | | ५०० |
| १७ | बार्षिक आय प्रमाणित (विद्यार्थिको हकमा ५०% छुट) | | ०.१० |
| १८ | संस्था दर्ता सिफारिश | | |
| | १८.१ | टोल सुधार, आमा समुह, प्यारालिगल कमिटी | ५०० |
| | १८.२ | गैर सरकारी संघ संस्था | ७०० |
| | १८.३ | सहकारी संस्था दर्ता | ८०० |
| | १८.४ | अन्य संस्था | १००० |
| १९ | बैंक तथा वित्तिय संस्था दर्ता नविकरण सिफारिश | | १००० |
| २० | **नगरपालिकाको जिन्सी सामान भाडामा लाग्ने दस्तुर** | | |
| | २०.१ | नगरपालिका हल भाडा प्रति दिन | ५०० |
| | २०.२ | मल्टिमिडिया/प्रोजेक्टर प्रति दिन | ५०० |
| | २०३. | प्लाष्टिक कुर्सी हल भन्दा बाहिर प्रति कुर्सी प्रति दिन | १० |
| | २०.४ | रोष्टम प्रति दिन | २०० |
| | २०.५ | सोफा प्रति सेट प्रति दिन | ५०० |
| | २०.६ | माईक सानो प्रति दिन | २०० |
| | २०.७ | टेवुल सानो प्रति दिन | ५० |
| | २०.८ | टेबुल ठुलो प्रतिदिन | १०० |
| | २०.९ | सव-स्टेशन मेसिन प्रतिदिन | ५०० |
| २१. | **विविध दस्तुर** | | |
| | २१.१ | घर नक्सा फाराम/किताब | ३०० |
| | २१.२ | घर नक्साको प्रतिलिपि दस्तुर | ३०० |
| | २१.३ | घर नक्सा सम्पन्न प्रमाण पत्र | २०० |
| | २१.४ | घर नक्सा पास ईजाजत पत्रको प्रतिलिपि | ३०० |
| | २१.५ | घर नक्सा नामसारी | |
| | २१.५.१ | **व्यापारिक** | ६०० |
| | २१.५.२ | पारिवारिक | ५०० |

| | | | |
|---|---|---|---|
| | २१.६ | घरबाटो प्रमाणित सिफारिश | ३०० |
| | २१.७ | प्रति कित्ता थप (अंश वण्डा प्रयोजनका लागी उल्लेखित दस्तुरमा ५०% छुट) | ५० |
| | २१.८ | बैवाहिक सम्बन्ध प्रमाणित दस्तुर | ३०० |
| | २१.९ | नाम थर, जन्म मिति संशोधन सिफारिश | ३०० |
| | २१.१ | घर निर्माण सम्पन्न सिफारिश पक्की | ३०० |
| | २१.११ | घर निर्माण सम्पन्न सिफारिश कच्ची | २०० |
| | २१.१२ | छुट जग्गा दर्ता सिफारिश | ५०० |
| | २१.१३ | बैदेशिक रोजगारी सिफारिस | ५०० |
| २२. | घर नक्सा पास दस्तुरको दररेट | | |
| | २२.१ | शहरी क्षेत्र क" वर्ग | |
| | | पक्की घर प्रतिवर्ग फिट | २ |
| | | कच्ची घर प्रतिवर्ग फिट | १.५ |
| | | अन्य | १. |
| | २२.२ | शहर उन्मुख मैदानी क्षेत्र ख" बर्ग | |
| | | पक्की घर प्रतिवर्ग फिट | १.५ |
| | | कच्ची घर प्रतिवर्ग फिट | १. |
| | | अन्य | ०.७५ |
| | २२.३ | ग्रमिण क्षेत्र ग" वर्ग | |
| | | पक्की घर प्रति घर | ५०० |
| | | कच्ची घर प्रति घर | ३५० |
| | | अन्य | १०० |
| | २२.४ | लेकाली क्षेत्र घ" | |
| | | पक्की घर प्रति घर | २५० |
| | | कच्ची घर प्रति घर | १०० |
| | २२.५ | विद्यालय कक्षा अपग्रेट | २५० |

२३. नगर क्षेत्रको शहरी क्षेत्रमा रहेका नेपाल सरकारका कार्यालयहरु संघ संस्था सरसफाई शुल्क बाफत रु. २००।-

२४. नेपाल टेलिकमले केबुल तारतन्दा प्रति खम्बा बार्षिक रु.१५ केबुल तार र प्रति मिटर रु.०.०२ भाडा लिने

२५. बजार क्षेत्र सरसफाई गरे वाफत प्रति पसल बार्षिक मासिक रु.५० ।- र बार्षिक रु. ६००।-

२६. घरधनीबाट बार्षिक रु. २० एकमुस्ट संकलन गरिनेछ।

२७. यस नगरपालिका क्षेत्रभित्र वाहालमा बस्ने व्यक्ति संस्या/व्यवसायीहरुले घरधनी संग भएको बाहाल सम्झौता रकमको मासिक २% हुन आउने रकम नगरपालिकालाई बाहाल कर बुझाउनु पर्नेछ। साथै संस्था वा व्यवसायीले व्यवसाय वा संस्था नवीकरण गर्दा बाहाल सम्झौता पत्र र बाहाल सम्झौता बमोजिम हुन आउने रकम एक मुस्ट नगरपालिकामा बझाए पश्चात संस्था वा व्यवसाय दर्ता/नविकरण गरिनेछ।

२८. नगरपालिकाको सार्वजनिक स्थानमा कुनै पनि निर्माण सामग्री राख्न वा थुमार्न को लागि न.पा.बाट पुर्व स्वीकृती लिनु पर्नेछ। यदी कुनै व्यक्ति वा संस्थाले निर्माण सामग्रि थुपार्न स्वीकृत लिन आएमा प्रति वर्ग मिटर रु.५। का दरले दस्तुर लिई राख्न पाउने छ। तर कुनैव्यक्ति वा संस्थाले नगरपालिकाको स्विकृती बेगर निर्माण सामग्री थुपारेमा नगरपालिकाले जुन सुकै बेला यसरी थुपारेको सामग्री उठाई सोझै जफत गर्न सक्नेछ।निर्माण ईजाजत पत्र लिई घर बनाउदा यो व्यवस्थाले कुनै असर पर्ने छैन।

| क्र.स. | | सेवाको किसम | आगामी आ.व. २०७४/७५ का लागी प्रस्तावित दररेट |
|---|---|---|---|
| २९ | उद्योग दर्ता सिफारिश | | |
| | २९.१ | ५ हर्स पावर सम्मको उद्योग | १००० |
| | २९.२ | १० हर्स पावर सम्मको उद्योग | १५०० |
| | २०.३ | १५ हर्स पावरसम्मको उद्योग | २००० |
| | २०.४ | १५ हर्स पावर भन्दा माथिका उद्योग | ३००० |
| ३० | बैदेशिक प्रयोजनका लागि प्रमाणित | | |
| | ३०.१ | जन्म मिति | २५० |
| | ३०.२ | विवाहित/अविवाहित प्रमाणित | ३०० |
| | ३०.३ | ठेगाना नाम फरक चारित्रिका प्रमाणित | ५०० |
| ३१ | व्यवसाय दर्ता सिफारिश | | |
| | ३१.१ | कृषि,पशुपालन जन्य फर्म/उद्योग वार्षिक कारोबार ३ लाख सम्ममा | ५०० |
| | ३१.२ | कृषि,पशुपालन जन्य फर्म/उद्योग वार्षिक कारोबार ३ लाख माथि | १००० |
| | ३१.३ | वन पैदावार जन्य उद्योग वार्षक कारोबार ३ लाख सम्ममा | १००० |
| | ३१.४ | वन पैदावार जन्य उद्योग वार्षक कारोबार ३ लाख माथि | २००० |
| | ३१.५ | दैनिक उपभोग्य खाद्य पदार्थ उद्योग बार्षिक कारोबार ३ सम्ममा | ५०० |
| | ३१.६ | दैनिक उपभोग्य खाद्य पदार्थ उद्योग बार्षिक कारोबार ३ माथि | ७५० |
| | ३१.६ | ग्यारमेन्ट्स उद्योग वार्षिक कारोबार ३ लाख सम्म | ५०० |
| | ३१.७ | ग्यारमेन्ट्स उद्योग वार्षिक कारोबार ३ लाख माथि | ७५० |
| | ३१.८ | ग्यास वल्डिङ,ग्रिल,सटर उद्योग बार्षिक कारोबार ३ सम्म | ५०० |
| | ३१.९ | ,,ग्रिल,सटर उद्योग बार्षिक कारोबार ३ माथि | ७५० |
| | ३१.१ | खुकुरी/ कैची/चाकु शान उद्योग | २००. |
| | ३१.११ | सिमिन्ट टायल, व्लक,हार्डवेयर सम्मन्धी उद्योग | ७००. |
| | ३१.१ | अगरबत्ती,मैन बत्ती,पाउरोटी, दाना, डेरी, होजरी, दालमोठ, पुडियाघर, दाना डेरी बाकसमा | ३००. |
| | ३१.१ | क्रेसर उद्योग | १०००. |

**व्यवसायीक कर**

| सि.नं. | सेवाको किसिम | आगामी आ.व.२०७४/०७५ | कैफियत |
|---|---|---|---|
| १ | कम्प्युटर बिक्री पसल | १५०० | ३ लाख बार्षिक कारोबर |
| २ | कम्प्युटर मर्मत पसल | १००० | ,, |
| ३ | टि.भी फ्रिज बिक्री पसल | १५०० | ,, |
| ४ | टि.भी फ्रिज मर्मत पसल | १००० | ,, |
| ५ | रेडियो मोवाईल क्याल्कुलेटर  बिक्री पसल | १००० | ,, |
| ६ | रेडियो मोवाईल क्याल्कुलेटर मर्मत  पसल | ८०० | ,, |
| ७ | घडी अडियो तथा क्यासेट मर्मत एवं बिक्री | ८०० | ,, |
| ८ | गाडी मर्मत हावा भर्ने पसल | १५०० | ,, |
| ९ | जुत्ता चप्पल बिक्रि पसल | ५०० | ,, |
| १० | मोटर साईकल  मर्मत तथा बिक्रि | ५०० | ,, |
| ११ | साईकल मर्मत पसल | ५०० | ,, |
| माल बस्तु तथा सेवाकव थोक बिक्रेता | | | |
| सि.नं. | सेवाको किसिम | | ,, |
| १ | ५ वटा वस्तु तथा सेवाको थोक बिक्रेता | १५०० | ,, |
| २ | ३ भन्दा वढी ५ भन्दा तल डिलर बिक्रेता | १००० | ,, |
| ३ | १ भन्दा वढी ३ सम्मको डलिर बिक्रेता | ८०० | ,, |
| ४ | १ मात्र सामानको विक्रेता | ५०० | ,, |
| औषधी पसल | | | |
| १ | थोक विक्रेता | १००० | ,, |
| २ | खुद्रा बिक्रेता | ७५० | ,, |
| ३ | साना खुद्रा पसल | ५०० | ,, |
| ४ | दन्त चिकित्सक | ८०० | ,, |
| ५ | चस्मा पसल | ३५० | ,, |
| व्यवसायिक कर | | | |
| १ | सामान्य चिया,नास्ता पसल | ५०० | ३ लाख भन्दा कम करोबार |
| २ | खाना,चिया, नास्ता होटल | ८०० | ,, |
| ३ | खाना चिया नास्ता मिठाई पसल | १००० | ,, |
| ४ | शुद्ध मिठाई पसल | ८०० | ,, |
| ५ | खाना सहित रेस्टुरेन्ट र सिसोर्ट (बार्षिक कारोबारको आधारमा) | १००० | ,, |
| ६ | बास मात्र भएको लजमा | १००० | १० वेड सम्म |
| ७ | बास मात्र भएको लजमा | १५०० | १० वेड भन्दा माथि |
| ८ | मदिरा विक्री होटलमा विर्को तोडी | ३००० | ३ लाख सम्म कारोबार भएमा |

| | | | |
|---|---|---|---|
| ९ | मदिरा मात्र बिक्री गर्ने पसल सिलवन्दी | ५००० | ,, |
| १० | मदिरा सप्लायर्स | १०००० | ,, |
| ११ | मदिरा सहित रिसोर्ट तथा गुम्बा संचालन गरिएको होटल | ६००० | ,, |
| १२ | टेन्ट हाउस क्याटरिङ | १००० | ,, |
| १३ | सुनचाँदीका गहना निर्माण तथा मर्मत पसल | १००० | ,, |
| १४ | सुनचाँदीका गहना बिक्री जेलर्स | १५०० | ,, |
| १५ | कपडा सहितको सिलाई सेन्टर | १००० | ,, |
| १६ | सिलाई सेन्टर ५ मेसिन भन्दा माथि | ८०० | ,, |
| १७ | सिलाई सेन्टर ५ मेसिन भन्दा मुनि | ५०० | ,, |
| | **सैलुन** | | ,, |
| १ | व्युटीसपर्लर (तालिम सहित दिने) | ८०० | ,, |
| २ | व्युटि पर्लर पसल मात्र | ८०० | ,, |
| ३ | सैलन (कपाल काट्ने सहित मात्र) | १००० | |
| | **फेन्सी तथा किराना अन्य पसलहरु** | | ,, |
| १ | दैनिक उपभोग्य सामग्री थोक बिक्रेता पसल | १५०० | ,, |
| २ | खुद्रा सामान बिक्रेता | १००० | ,, |
| ३ | सिरक डसना बिक्री गर्ने पसलको | १००० | ,, |
| ४ | झोला तथा कस्मेटिक समान (प्लाष्टि बाहेक) | ५०० | ,, |
| ५ | फेन्सी स्टोर तयारी कपडा बिक्री | १००० | |
| ६ | गिफ्ट तथा कस्मेटिक पसलमा | १००० | ,, |
| ७ | प्लाई,सिसा, कार्पेट,सिमेन्ट सिरिया पाईप लगायत अन्य पेन्टिङ सामग्री सहितको पसल | १२०० | ,, |
| ८ | प्लाई, सिसा, कार्पेट सामानको विक्री | १००० | ,, |
| ९ | फर्निचर नर्माण व्यवसाय | १००० | ,, |
| १० | फर्निचर सप्लायर्स | १५०० | ,, |
| ११ | डिजेल पेट्रोल पसलमा | ८०० | नेपाल सरकारले तोकेको दररेटमा बिक्री गर्ने र तोकेको दररेट भन्दा बढीमा बिर्की गर्नेमा बढेको रेटको प्रतिशतका हासावले बृद्धि गरि व्यवसायीकर असुल गर्ने |
| १२ | एल.पी. ग्यास सिलेन्डर सप्लायर्स | ३५०० | ,, |
| १३ | एल.पी. ग्यास सिलेन्डर पसल | २५०० | ,, |
| १४ | डिजेल पेट्रोल सप्लायर्स सालमा | १००० | ,, |
| १५ | अटो मेकानिक्स तथा ईन्जिनियरिङ गाडी पार्टस | ३००० | ३ लाख सम्मको पुजिमा |
| १६ | फोटो स्टुडियो | १००० | ,, |
| १७ | पशु औषधी पसल (एग्रोभेट) | १२०० | ,, |
| १८ | व्लक,रङ,टायल र तारावार पोटा पसलमा | १२०० | ,, |
| १९ | पोलिथिन पाईप तथा अन्य सामानको पसलमा | १००० | ,, |
| २० | मैन बत्ती, अगरबत्ती र बचार पसलमा | ४०० | ,, |

| | | | |
|---|---|---|---|
| २१ | मसला पसलमा | ३६० | ,, |
| २२ | कुटानी पिसानी चक्की | ५०० | ,, |
| २३ | कुटानी चक्की | ३०० | ,, |
| २४ | माछा मासु पसल | १००० | ,, |
| २५ | तरकारी फलफुल साग सब्जी पसल | ५०० | ,, |
| २६ | अण्डा विक्री पसल | ४०० | ,, |
| २७ | छाला संकलन बिक्री | १००० | ,, |
| २८ | ईटा डिपो तथा संकलन केन्द्र | ३००० | ,, |
| २९ | डोका नाङलो भकारी प्लाष्टिक तथा वेत बाँसका समानहरु | १००० | ,, |
| ३० | वालुवा गिट्टी ढुङ्गा (डण्डि र सिमेन्ट समेत) | ६००० | ,, |
| ३१ | हार्ड वेयर पसल | १२०० | ,, |
| ३२ | पुस्तक स्टेशनरी खेलकुद सामग्रिको बिक्री पसल | १००० | ३ लाख सम्मको पुजिमा |
| ३३ | फोटो कफी लेविनेशन व्याण्डिङ सेवा | ५०० | ,, |
| ३४ | स्कुनर र पुल हाउस देवै भएको | १००० | ,, |
| ३५ | पुल हाउस मात्र | ५०० | ,, |
| ३६ | कपडा पसल फेन्सी पसल | १००० | ,, |
| ३७ | रसायनिक मल बिउ बिजन किटनासक औषधी बिक्री | ५०० | ,, |
| ३८ | भिडियो मिक्सिङ | ५०० | ,, |
| ३९ | बेरिङ रिपायरिङ तथा बिक्री | ५०० | ,, |
| ४० | मेसिनरी सामान बिक्री (मोटर,जनरेटर,आदी ख श्रेणी) | १००० | ,, |
| ४१ | कृषि मोटर मर्मत | ५०० | ,, |
| ४२ | रेमिटेन्स सेवा मनि ट्रान्सफर | २००० | ,, |
| ४३ | धितोपत्र कारोबार | १००० | ,, |
| ४४ | कवाडी व्यवसाय | १००० | ,, |
| ४५ | टुर एण्ड ट्रभल्स | ८०० | ,, |
| ४६ | मोविल ग्रिज बिक्री | १००० | ,, |
| ४७ | कुरीयर एण्ड कार्गो सेवा | १००० | ,, |
| ४८ | रंगरोगन बिक्री बितरण | १००० | ,, |
| ४९ | भेटनरी सेवा | ५०० | ,, |
| ५० | जडिवुढी वन्य जन्तु उद्योग (खोटो लगायत) | ५००० | ,, |
| ५१ | पर्दा कार्पेट फर्निसिङ | १००० | ,, |

| | | | |
|---|---|---|---|
| ५२ | व्यवसायीक कृषि फर्म | ५०० | ” |
| ५३ | गार्मेन्ट उद्योग | ५००० | ” |
| ५४ | आल्मोनियम फेब्रिकेशन उद्योग | ५००० | ” |
| ५५ | डेरी दुग्ध तथा दुग्ध सम्बन्धि अन्य व्यवसाय | ५०० | ” |
| ५६ | भाडा पसल | ५०० | ” |
| ५७ | कुखुरा पोल्टी फर्म | १५०० | ” |
| ५८ | माछा पालन व्यवसाय | १५०० | ” |
| ५९ | रिचार्ज कार्ड बिक्रेता | ५०० | ” |
| ६० | सुर्ती जन्य पदार्थ वा बस्तुमा | २००० | ” |
| ६१ | बाख्रा पालन व्यवसाय/उद्योग | ५०० | ” |

पुनश्चः- व्यसायिक करहरुको सम्बन्धमा बार्षिक कारोबार अंक ३ लाख भन्दा माथि भएमा ०.५० प्रतिशत थप कर लाग्ने छ।

मदिरा र सुर्ती जन्य व्यवसाय बाहेक ग्रामिण क्षेत्रमा माथि उल्लेखित व्यवसायिक करमा ५% थप व्यवसाय कर लागु हुने छ।

| | विशेसज्ञ तथा परामर्श सेवा | | ” |
|---|---|---|---|
| १ | चिकत्सक | २००० | ” |
| २ | बिमा अभिकर्ता | ५०० | ” |
| ३ | कविराज दर्ता नविकरण | १००० | ” |
| ४ | ईन्जीनियर | १५०० | ” |
| ५ | कानुन व्यवसायी | १००० | ” |
| ६ | लेखा परिक्षक | २००० | ” |
| ७ | कम्प्युटर एनालिष्ट तथा प्रोग्रमार | २००० | ” |
| ८ | सर्भेयर | २००० | ” |
| ९ | अनुवादक | २००० | ” |
| १० | पशु चिकित्सक | २००० | ” |
| ११ | शेयर दलाल | २००० | ” |
| १२ | सामान ढुवानी कर्ता तथा कम्पनी | २००० | ” |
| १३ | संस्थागत पेन्टर | ५००० | ” |

| | | | |
|---|---|---|---|
| १४ | अनुसन्धान कर्ता तथा परामर्श दाता | २०० | ,, |
| | | | |
| सञ्चार तथा अन्य सेवाहरु तर्फ | | | |
| १ | टेलिफोन,ट्रङकल,मोवाईल सेवा प्रदायक कम्पनी | २००० | |
| २ | एफ.एम.प्रशारण | १००० | |
| ३ | पत्रपत्रीका प्रकाशन | ८०० | |
| ४ | बिमा कम्पनीहरु | २००० | |
| ५ | लघु वित्त कम्पनी | १५०० | |
| ६ | अन्तराष्ट्रिय संस्था व्यवसायिक कारोबार गर्ने | ५००० | |
| ७ | राष्ट्रिय संस्था व्यवसायिक कारोबार गर्ने | २००० | |
| ८ | बिजुली पाठ पुर्जा तथा सामग्री बिक्री गर्ने पसलमा | १००० | |
| ९ | छापाखाना तथा प्रकाशन प्रसारण | १००० | |
| १० | डिजिटल छापाखाना | ८०० | |
| ११ | साईवर,नेट, फोन सेवा | ५०० | |
| बैंक फाईनान्स वित्तिय संस्थाहरु | | | |
| १ | क.वर्गको बैंक वा वित्तिय संस्था | १०००० | |
| २ | ख.वर्गको बैंक वा वित्तिय संस्था | ८००० | |
| ३ | ग.वर्गको बैंक वा वित्तिय संस्था | ६००० | |
| ४ | घ.वर्गको बैंक वा वित्तिय संस्था | ४००० | |
| **निजी विद्यालय संचालन (बार्षिक एकमुष्ट)** | | | |
| सि.नं. | सेवाको किसिम (शिक्षा तर्फ) | चालु आ.व.२०७३/०७४ को | कैफियत |
| १ | क. क्याम्पस | १००० | |
| २ | मा.वि. | ८०० | |
| ३ | ख. प्रा.वि. | ५०० | |
| ४ | तालिम तथा अनुसन्धान केन्द्र | २००० | |
| ५ | कम्प्युटर टाईपिङ तथा भाषा प्रशिक्षण संस्था | २००० | |
| ६ | ट्युसन सेन्टर | १५०० | |
| ७ | अन्तराष्ट्रिय गैर सरकारी शैक्षिक संस्था | ३००० | |

**निर्माण तथा उद्योग तर्फ**

| सि.नं. | सेवाको किसिम (उद्योग तर्फ) | आगामी आ.व. २०७४/०७५ | कैफियत |
|---|---|---|---|
| १ | व्लक,रङ,टायल र तारावार पोटा उद्योगमा | ५००० | |

| | | | |
|---|---|---|---|
| २ | पोलिथिन पाईप तथा अन्य सामानको उद्योगमा | १५००० | |
| ३ | मैन बत्ती, अगरबत्ती र बचार उद्योग | ५०० | |
| ४ | मसला उद्योग | ५०० | |
| ५ | व्लक,रङ,टायल र तारावार पोटा पसलमा | १२०० | |
| ६ | पोलिथिन पाईप तथा अन्य सामानको पसलमा | १००० | |
| ७ | मैन बत्ती, अगरबत्ती र बचार पसलमा | ४०० | |
| ८ | मसला पसलमा | ३६० | |
| ९ | होम पाईप बार्षिक | ६००० | |
| १० | झोला तयारि गर्ने उद्योग (प्लाप्टिक बाहेक) | १००० | |
| ११ | कन्फोक्सनरी उद्योग | १००० | |
| १२ | फर्निचर उद्योग (सो रुम समिल) | १५०० | |
| १३ | फर्निचर उद्योग (सो रुम) | १२०० | |
| १४ | बन्सो प्रयोग गरी काठ चिरान गर्ने समिल | २००० | |
| १५ | ग्रिल सटर उद्योग आल्मोनियम समेत | १५०० | |
| १६ | गलैचाँ उद्योग बार्षिक | ५०० | |
| १७ | चीनी उद्योग ईटा भट्टा उद्योग | १०००० | |
| १८ | माटोको भाडा वनाउने व्यवसाय | ५०० | |
| १९ | गिट्टी चाल्ने सहित ग श्रेणीको डबल प्लान्ट क्रसर उद्योग | ४००० | |
| २० | गिट्टी चाल्ने नभएको डबल प्लान्टउद्योग | ३००० | |
| २१ | गिट्टी बालुवा चाल्ने मात्र भएको | ३००० | |
| २२ | गिट्टी कुट्ने सिङ्गल प्लान्ट उद्योग | १५०० | |
| २३ | दोहोरी साँझ पर्यटन उद्योग | २००० | |
| २४ | क्याफे तथा फास्टफुट | १००० | |
| २५ | भोजनालय | ८०० | |
| | विज्ञापन कर | | |
| १ | केबुल व्यवसायमा | ५००० | ,, |
| २ | ईन्टरनेट सेवा प्रदायक बार्षिक | १००० | ,, |
| ३ | वालपेन्ट विज्ञापन प्रति वर्ग फिट | १० | ,, |
| ४ | व्यानर छापाई आट्स पसल | ५०० | ,, |
| निर्माण व्यवसायी तर्फ | | | |
| | क. श्रेणीको | ८००० | |
| | ख. श्रेणीको | ६००० | |
| | ग. श्रेणीको | ४००० | |
| | घ. श्रेणीको | २००० | |
| | ङ. श्रेणीको निर्माण व्यवसायीको ठाउँसारि दस्तुर बार्षिक करको २५% | | |
| | मनोरंजन कर | | |

| | | | |
|---|---|---|---|
| १ | सिनेमा हल,भिडियोहल,साँस्कृतिक प्रदर्शन हल थियटर संगित तथा मनोरंजन प्रदर्शन स्थानको प्रवेश शुल्कमा कुल उठेको रकमको ३% | | |
| २ | ख. जादु सर्कस,चटक आदीमा प्रतदिन | ५०० | |
| ३ | व्यवसायिक भिडियो कर प्रति भिडियो बार्षिक | ३०० | |

| | |
|---|---|
| | बाहाल र बिटौरिक कर |
| १ | नगरपालिका क्षेत्र भित्र घर, पसल, ग्यरेज गोदाम,टहरा,छप्पर, कारखाना, जग्गा, पोखरी पुरै वा अंशिक रुपमा वाहालमा दिएमा सम्बन्धित धनीबाट बाहाल रकमको २% ले हुन आउने रकम |
| २ | नगरपालिका क्षेत्रको सार्वजनिक जग्गा ऐलानी जग्गा बाटोको छेउमा अस्थाई पसल थाप्न दिए वाफत प्रति वर्गफिट मासिक बिटौरी कर रु.१०।- |

## पार्कीङ शुल्क

नगरपालिकाले वरेन्द्र वनमा निर्माण गरेको पार्कमा यातायातका साधन पार्कीङ गरेवाफत देहाय वमोजिमको शुल्क लिनेछ।

| सि.नं. | सेवाको किसिम | आगामी आ.व.२०७४/०७५ | कैफियत |
|---|---|---|---|
| १ | बस, ट्रक,लरी र अन्य हेवि गाडीमा  दैनिक | २० | |
| २ | भाडाका कार जीप, भ्यान मा दैनिक | १५ | |
| ३ | अन्यमा दैनिक | १० | |

निर्णय नं. ३ गत आ.व.२०७२/०७३ मिति २०७३/९/२८ गते देखी हाल सम्म नगरपालिका वोर्ड बैठक एवं नगरपालिका स्तरिय विभिन्न सामितिहरुबाट गरिएका निर्णयहरु अनुमोदनका लागि नगरपरिषदमा पेश गर्ने निर्णय गरियो।

निर्णय नं. ४ आ.व.२०७२/०७३ को आन्तरिक लेखा परिक्षण भई आ.ले.प. प्रतिवेदन समेत प्राप्त भई सकेको हुँदा उक्त प्रतिवेदन नगर परिषद बैठकमा पेश गर्ने निर्णय गरियो।